एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

# NLG INSURANCE COMPANY LIMITED

Shree Bhawan, Panipokhari,
Lazimpat. P.O.Box 20600,
Kathmandu, Nepal
Tel: 4418113, 4442646, 4006502
4006648, 4006625, 4006509
E-Mail: info@nlgi.com.np
Fax: 977-1-4416427

च.नं. १२६८/०७९/०८०

मिति : २०७९/११/२५

श्री नेपाल स्टक एक्सचेंज लि.,
सिंहदरबार प्लाजा,
**काठमाण्डौं ।**

NLG INSURANCE Co. LTD. KATHMANDU

**विषय :- शेयर दाखिला खारेज (Book close) र दर्ता बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९/११/२५ गते साँझ ५:३० बजे सम्पन्न ३९०औं बैठकको निर्णय अनुसार कम्पनीको सत्रौं वार्षिक साधारण सभा मिति २०७९/१२/२० गते बस्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दछौं । सो वार्षिक साधारण सभा सम्बन्धी सूचना यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

उपर्युक्त वार्षिक साधारण सभामा निम्न बमोजिमका विवरणहरु रहेको व्यहोरा अनुरोध गर्दछौं ।
नगद लाभांश प्रतिशत:(०.५२६३ प्रतिशत अंकमा)(शुन्य दशमलव पाँच दुई छ तीन प्रतिशत अक्षरमा) (रु. ६९,८२,१८१/- रकम), प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि ।
बोनस शेयर प्रतिशत : (१०.०० प्रतिशत अंकमा)(दस प्रतिशत अक्षरमा) (रु. १३,२६,६१,४३६.०० रकम)
हकप्रद शेयर प्रतिशत : नभएको

**शेयर दाखिला खारेज मिति (Book close) : २०७९/१२/१३ गते, सोमबार एक दिनको लागि ।**
हालको चुक्ता पूँजी : रु. १,३२,६६,१४,३५५.००
वार्षिक साधारण सभाको मिति : २०७९/१२/२० गते, सोमबार ।

धन्यवाद ।

भवदिय,

(मनोज श्रेष्ठ)
कम्पनी सचिव

**संलग्न :**
**वार्षिक साधारण सभा बस्ने सम्बान्धी सूचनाको प्रतिलिपी – १ थान**


| Regional Offices: | Branch Offices: | | Sub - Branch Offices: | | | | |
|---|---|---|---|---|---|---|---|
| Biratnagar: 503130 | Dhangadhi: 417315 | Lamjung: 520959 | Rajbiraj 530493 | Mahendranagar: 522221 | Dhading: 520779 | Dailekh: 410248 | Damauli : 564901 |
| Birgunj: 520191 | Itahari: 587332 | Dharan: 537225 | Banepa: 663028 | Bhaktapur: 6620247 | Chandrauta: 540520 | Gwarko: 5186034 | Kusma : 420107 |
| Bhairahawa: 573433 | Damak: 585404 | Janakpur: 590561 | Baglung: 522660 | Bardiya: 420117 | Tansen: 521671 | Rukum: 530411 | Kalaiya : 551806 |
| | Salyan: 400199 | Narayangarh: 517843 | Tikapur: 561476 | Sarlahi: 501620 | Gongabu: 4958941 | Kawasoti: 540596 | Dolpa : 550145 |
| Nepalganj: 535163 | Hetauda: 521030 | Dang: 562605 | Waling: 442734 | Lahan: 565393 | Kohalpur: 540972 | Parsa: 582536 | Simara : 521297 |
| | | | Chandannath: 520504 | Durbarmarg, Ktm: 4250641 | Dulegauda: 414272 | Sunwal: 570547 | Rangeli : 580148 |
| Lalitpur: 5520331 | [illegible] | [illegible] | | | | Tulsipur: 523475 | [illegible] |

## एनएलजी इन्स्योरेन्स कम्पनी लि. को
## १७ (सत्रौं) औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७९/११/२५ गते बिहीबार अपरान्हको ४:०० बजे बसेको संचालक समितिको ३९०[औं] बैठकको निर्णयानुसार कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने निर्णय भएको हूँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आफु स्वयं वा रीतपूर्वकको प्रतिनिधी मार्फत उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७९ साल चैत्र २० गते, सोमबार (तदनुसार ३ अप्रिल, २०२३)

समय : विहान १०:३० बजे

स्थान : आम्रपाली ब्याङ्केट, थिरबम सडक, बालुवाटार, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

**विषय सूची :**

**(क) साधारण प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७९ साल आषाढ मसान्तको वासलात, आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि रु. ६९,८२,१८१/-(०.५२६३१५८ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) कम्पनीको अधिकृत पूँजी रु. १.५० अर्बबाट बृद्धि गरी रु. ३ अर्ब पुऱ्याउने ।

(२) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्तापुँजी रु. १,३२,६६,१४,३५५/- (अक्षरेपि एक अर्ब बतीस करोड छैसाठी लाख चौध हजार तीन सय पचपन्न रुपैयाँ) को १० (दस) प्रतिशतको दरले रु. १३,२६,६१,४३६/- (अक्षरेपि तेह्र करोड छबिस लाख एक साठी हजार चार सय छतिस मात्र) बराबर वोनस शेयर वितरण गर्ने । वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

(३) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापुँजी बृद्धि भई रु. १,४५,९२,७५,७९१/- (एक अर्ब पैतालीस करोड बयानब लाख पचहत्तर हजार सात सय एकानब्बे रुपैयाँ) पुग्ने हूँदा सोही अनुसार जारी तथा चुक्तापुँजी प्रबन्धपत्रको दफा ५ (क) (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (क) (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

(४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(५) सञ्चालक समितिबाट मनोनित स्वतन्त्र सञ्चालकको नियूक्ती अनुमोदन गर्ने ।

**(ग) विविध :**

## वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी

१. १७ औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०७९ साल चैत्र १३ गते १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०७९ साल चैत्र १३ गते भन्दा अघिल्लो कार्यरत दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई ७ कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंको कार्यालयमा प्राप्त भएको विवरणहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाइने हूँदा सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ ।

२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधी मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्ने छन् । सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधीपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ । प्रतिनिधी नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधी पत्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ ।

३. प्रतिनिधी पत्र (प्रोक्सी) दिने महानुभावको दस्तखत उपरोक्त शेयर किन्दा को अवस्थामा आफुले गरेको दस्तखतसंग मिल्नु पर्नेछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधी पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधी पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधी पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी सोको सुचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंमा म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधी (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिने छ ।

५. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन । प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले प्रतिनिधि (प्रोक्सी) दिए पछि आफै उपस्थित हुन वा प्रोक्सी वदर गर्न वा परिवर्तन गर्न चाहेमा सोको सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंमा दिनु पर्नेछ ।

६. नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनाई दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ ।

७. यस साधारण सभा सम्बन्धी सूचना प्रत्येक शेयरधनी महानुभावहरुको ठेगानामा कुरियर/हुलाक मार्फत पठाइएको छ । शेयरधनी महानुभावहरुले उक्त सूचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधार मानी सभामा उपस्थित हुन अनुरोध छ ।

८. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nlgi.com.np) मा हेर्न सकिनेछ ।

९. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुने अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।

१०. साधारण सभाको हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि १०:२० बजे सम्म खुल्ला रहने छ ।

११. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी (लाजिम्पाट) मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव